पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल ।

## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना ।।।

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०१ गते

उपर्युक्त सम्बन्धमा यस नगरपालिकामा तपसिल बमोजिमको पदमा तपसिल बमोजिमको जनशक्ति आवश्यक रहेको हुँदा आवश्यक योग्यता पुगेका ईच्छुक उम्मेद्वारहरुले रीतपूर्वक तोकिएको समय भित्र आवेदन दिनुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | आवश्यक संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १ | ३/०८३/०८४ | सूचना प्रविधि अधिकृत | अधिकृत सातौं | १ जना | रु. १०००/- |
| २ | ४/०८३/०८४ | रोजगार संयोजक | अधिकृत छैटौं | १ जना | रु. १०००/- |
| ३ | ५/०८३/०८४ | एम.आई.एस.अपरेटर | सहायक पाँचौं | १ जना | रु. ७००/- |

१. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८३/०६/१५ गते सम्म) ।

२. आवश्यक शैक्षिक योग्यताः

(क) विज्ञापन नं. ३/०८३/०८४ को हकमा लोक सेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट computer वा ICT वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, B.Sc. IT, BSC. CSIT) उपाधि प्राप्त गरेको हुनुपर्ने ।

(ख) विज्ञापन नं. ४/०८३/०८४ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर चलाउन योग्य हुनुपर्ने ।

(ग) विज्ञापन नं. ५/०८३/०८४ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट कम्प्यूटर विषय लिई १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको वा अन्य विषयमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा ६ महिनाको DCA (Diploma in Computer Application) तालिम प्राप्त गरेको हुनुपर्ने ।

३. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म

(क) विज्ञापन नं. ३/०८३/०८४ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

(ख) विज्ञापन नं. ४/०८३/०८४ को हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

(ग) विज्ञापन नं. ५/०८३/०८४ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

४. दरखास्त साथ संलग्न कागजातहरुः

आवेदन फाराम, नेपाली नागरिकताको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी (न्यूनतम शैक्षिक योग्यता सहित उपल्लो तहको भए सो समेत), तालिम लिएको भए सो को प्रमाणपत्र प्रतिलिपी, कार्य अनुभव भए सो को प्रतिलिपी, दस्तुर तिरेको सक्कल भौचर, दुई प्रति पासपोर्ट साईजको फोटो । कागजातहरु उम्मेद्वार स्वयंमले प्रमाणित गरी बुझाउनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल ।

५. परीक्षा दस्तुरः पाख्रीबास नगरपालिकाको राजश्व शाखा वा यस कार्यालयको NIC ASIA बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०८८२०५००२८४८३००२ राजश्व शीर्षक नं. १४२२४ मा बुझाउनुपर्नेछ ।

६. दरखास्त दिने स्थानः पाख्रीबास नगर कार्यपालिकाको कार्यालय, पाख्रीबास, धनकुटा ।

७. छनौट प्रक्रियाः संक्षिप्त सूची, लिखित परीक्षा र अन्तर्वार्ता ।

८. पाठयक्रमः विज्ञापन नं. ३/०८३/०८४ को हकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौको प.सं. २०७४/७५ च.नं. १२७ र मिति २०७४/७/२७ को पत्रमा उल्लिखित मापदण्ड बमोजिम, विज्ञापन नं. ४/०८३/०८४ को हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम र विज्ञापन नं. ५/०८३/०८४ को हकमा सेवा इकाईको जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ ।

९. सेवा सुविधाः प्रचलित कानूनले तोकिए बमोजिम ।

१०. परीक्षा मितिः संक्षिप्त सूची प्रकाशन पश्चात मात्र लिखित र मौखिक परीक्षाको मिति सम्बन्धी जानकारी गराईनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयका सुचना अधिकारी, श्री अनिस काफ्ले (सम्पर्क नं. ९८४२१०८२९४) लाई सम्पर्क गर्नुहुन वा पाख्रीबास नगरपालिकाको वेवसाइटमा हेर्नुहुन अनुरोध छ ।

.............................

उत्तम कुमार घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत